**नामः** डिल्लीराज जोशी

**पदः** प्रमुख

**प्रमाणीकरण मितिः** २०८०/१०/०९

# अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन कार्यविधि २०८०

**नगर कार्यपालिकाबाट पारित मितिः** २०८०/१०/०९

**प्रस्तावनाः** अमरगढी नगरपालिकाबाट जारी भएका कानून, निर्णय तथा आदेशहरुको कार्यान्वयन, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन, नगर क्षेत्रभित्रका प्राकृतिक तथा साँस्कृतिक स्रोत-सम्पदाको संरक्षण, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन लगायतका क्रियाकलापहरु प्रभावकारी ढङ्गबाट सम्पन्न गरी शान्ति तथा सुव्यवस्था कायम गर्न नगर प्रहरीको व्यवस्थापन गर्नु बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ११ को उपदफा(२) को खण्ड (क), दफा ८३ को उपदफा (८) र दफा १०२ अनुरुप अमरगढी नगरपालिकाको प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन,२०७५ को दफा ४ को अधिनमा रही अमरगढी नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " अमरगढी नगरपालिका नगर प्रहरी गठन तथा संचालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो ऐनमा –

(क)'नगरपालिका' भन्नाले अमरगढी नगरपालिकालाई सम्झनु पर्दछ।

(ख)' ऐन ' भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन समेत) लाई सम्झनु पर्दछ

(ग) ' कार्यविधि ' भन्नाले अमरगढी नगरपालिकाको नगर प्रहरी गठन तथा संचालन कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(घ) 'कार्यपालिका ' भन्नाले अमरगढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ङ) ' नगर ' भन्नाले अमरगढी नगरपालिकालाई सम्झनु पर्दछ।

(च) ' नगर प्रहरी वा प्रहरी ' भन्नाले नगर प्रहरीका विभिन्न पद तथा तहमा रही कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ।

(छ) ' प्रमुख ' भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(ज) ' प्रमुख प्रशासकीय अधिकृत ' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(झ) ' सभा ' भन्नाले नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ञ) 'कार्यालय' भन्नाले अमरगढी नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ट) ' संविधान ' भन्नाले नेपालको संविधान (२०७२) लाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## नगर प्रहरीको गठन,रेखदेख र नियन्त्रण

**३. नगर प्रहरीको गठनः**

(१) नगरपालिकामा नगर प्रहरी नायव निरीक्षकको नेतृत्वमा तोकिएको संख्यामा तोकिए बमोजिमको पद भएका नगर प्रहरी रहने छन्।

(२) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार कार्यपालिकाको हुनेछ।

(३) नगर कार्यपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ।

**४. नगर प्रहरीको पदको नाम र तहः**

(१) नगर प्रहरी प्रमुखको रुपमा एक नगर प्रहरी नायव निरीक्षक रहने छ।

(२) नगर प्रहरीको आधारभूत पदमा कार्यपालिकाले तोकेबमोजिमको संख्यामा नगर प्रहरी रहने छन्।

(३) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी जवानको पदको बिचमा आवश्यकता अनुसार कार्यपालिकाले विभिन्न पद र तहमा आवश्यक नगर प्रहरी संख्या र प्रत्येक तहका लागि नेपाल सरकारको तलवमानलाई आधार लिई तलव मान तोक्न सक्नेछ।

(४) दफा ४ को उपदफा (३) नगर प्रहरीको विभिन्न पदमा भर्ना हुनको लागि आवश्यक योग्यता र परिक्षाको किसिम र छनौट प्रक्रिया अनुसूची १, अनुसूची २ र अनुसूची २(क) अनुसूची ३ र अनुसूची३ (क)बमोजिम हुनेछ।

(५) नगर प्रहरीको विभिन्न पदको काम, कर्तव्य र अधिकार नगरपालिकाले निजको कार्य विवरणमा तोके बमोजिम हुनेछ।

## परिच्छेद – ३

## नगर प्रहरीको काम,कर्तव्य र अधिकार

५. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने ।

(ख) नगरपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

(ग) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) नगरपालिकामा हुने सभा, समारोह, परम्परागत जात्रा तथा चाडपर्वको सुरक्षा तथा व्यवस्थापन गर्ने ।

(ङ) नगरपालिका भित्र बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन ।

(च) आवश्यकता अनुरुप न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयहरुको कार्यान्वयन गराउनमा सहयोग गर्ने ।

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा ।

(ज) विपद् व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापनाको कार्यमा सक्रियतापूर्वक परिचालित हुने ।

(झ) नगरपालिका क्षेत्र भित्र विपद्का घटना आगलागी, बाढी,पहिरो जस्ता आपत्कालिन घटना नियन्त्रण कार्यमा उपलब्ध जनशक्ति, दमकल लगायतका अन्य स्रोत साधन सहित तत्काल परिचालित हुने ।

(ञ) अनाधिकृत विज्ञापन, तथा होडिङ्ग बोर्ड नियन्त्रण ।

(ट) छाडा पशु चौपायाको नियन्त्रण र व्यवस्थापन ।

(ठ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ती अतिक्रमण रोकथाम तथा नियन्त्रण ।

(ड) नगरपालिकाका तथा वडा कार्यालयहरुको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउने ।

(ढ) नगरपालिकाले आयोजना गरेका कार्यक्रमहरुमा आवश्यक शान्ति सुरक्षा तथा व्यवस्थापन गर्ने ।

(ण) पर्यटन मैत्री भई पर्यटक तथा बटुवाहरुलाई यथासम्भव आवश्यक तथा उपयुक्त सूचना र सेवा प्रदान गर्ने

(त) नगर प्रहरीको कार्यक्षेत्रभित्र पर्ने विषय सम्बन्धी नगरपालिकाको कानून, मापदण्ड वा निर्देशिका विपरीत गरेका कार्यहरुको छानबीन गरी प्रमाण संकलन गर्ने ।

(थ) संघ तथा प्रदेश प्रहरी र अन्य सुरक्षा निकायसँग सहकार्य र समन्वय गर्ने ।

(द) कार्यपालिकाले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद – ४

## नगर प्रहरीको दरबन्दी तथा पदपूर्ति

**६. नगर प्रहरीको दरबन्दीः**

(१) नगर प्रहरीमा आवश्यकता अनुसार देहायका पदहरु रहन सक्नेछः

(क)नगर प्रहरी नायव निरीक्षक ( सहायकस्तर पाचौं)

(ख)नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तरचौथौ)

(ग) नगर प्रहरी हवल्दार (सहायकस्तर तृतीय तह)

(घ) नगर प्रहरी जवान

(२) प्रत्येक पदमा कार्यपालिकाले तोके बमोजिमका संख्याका नगर प्रहरी हुनेछन् ।

(३) विभिन्न पदमा रहने नगर प्रहरीको दरबन्दीहरुको सृजना तथा खारेजी कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) दरबन्दी सिर्जना वा खारेज गर्नका लागि सुझाव दिन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समितिको गठन गरिनेछ ।

(५) उपदफा (४) वमोजिमको समितिले नगर प्रहरीको काम नगरपालिकामा उपलब्ध स्रोत र अन्य सुरक्षा निकायसँगको समन्वयमा हुन सक्ने काम समेतको अनुमान गरी आवश्यक दरबन्दी सिर्जना वा खारेज गर्नका लागि तोकिएको समय भित्र कार्यपालिका समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त पद सिर्जना वा खारेज गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरबन्दीले आवश्यक कार्यहरु गर्न सक्ने वा नसक्ने अवस्था, दरबन्दी थप वा खारेजीको कारण नगर प्रहरीको संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट पार्नु पर्नेछ ।

**७. नगर प्रहरी सेवा करारमा मात्र नियुक्त हुन सक्नेः**

(१) नगर प्रहरीको नियुक्ति सेवा करारमा मात्र गर्न सकिनेछ ।

(२) नगर प्रहरीको नियुक्ति कार्यपालिकाले निर्णय गरी विभिन्न पद तथा तहमा प्रतिस्पर्धाको आधारमा सेवा करारबाट लिन वा प्रचलित कानून बमोजिम संस्था मार्फत करारमा नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भए तापनि नगर प्रहरी जवान भन्दा माथिको पदहरुमा नगरपालिकालेमापदण्ड बनाईप्रतिस्पर्धाको आधारमा आफैले छनौट गर्नसक्नेछ ।

(४) उपदफा (२) बमोजिम कुनै पद वा पदहरुमा संस्थागत करार मार्फत नगर प्रहरीको सेवा लिने निर्णय गरेमा आवश्यक सेवाको सम्बन्धमा विज्ञापन गरी उपलब्ध हुन सक्ने सुरक्षा सेवा प्रदायक संस्थाहरुबाट कार्यगत तथा आर्थिक प्रस्ताव माग गरी तिनको मूल्याङ्कन तथा सेवा प्रदायक संस्थाको विश्वसनीयता समेत विचार गरी कार्यालयले छनौट गर्नेछ ।

(५) उपदफा (२) र (४) मा जेसुकै लेखिएको भए पनि नगर प्रहरीको संख्या र सेवा प्रदाय संस्थाको आर्थिक प्रस्ताव विचार गरी कार्यपालिकाले एकै पटक एक भन्दा बढी सेवा प्रदायक संस्थालाई काम दिन वा केही नगर प्रहरी आफैले प्रतिस्पर्धाबाट छनौट गरी राख्न सक्ने छ ।

(६) कुनै अवस्था विशेषमा कार्यपालिकाले निर्णय गरी खास कार्यका लागि छोटो अवधिका लागि आवश्यक संख्या तोकी करारमा नगर प्रहरीहरु भर्ना गर्न सक्नेछ ।

(७) उपदफा (१),(२),(३), (४), (५) र (६) मा जुनसुकै कुराहरु लेखिएको भएता पनी अमरगढी नगरपालिकाले नगर प्रहरीको विभिन्न पदमा आन्तरिक र खुल्ला समान पदमा गरि प्रतिस्पर्धाको आधारमा वा समान तहबाट नेपाली सेना, नेपाल प्रहरी र नेपाल सशस्त्र प्रहरीको पदमा रहि कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकासप्राप्त गरेको हुनुपर्नेछ ।।

**८. पदपूर्ति समितिको गठनः**

(१) खुल्ला प्रतियोगितबाट नगर प्रहरीमा भर्ना गर्नको लागि वा संस्थागत करारको निमित्त सेवा प्रदायक छनौट गर्नको निमित्त देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) प्रदेश वा जिल्ला स्थित कुनै एक सुरक्षा निकायको अधिकृत प्रतिनिधि एकजना — सदस्य

(ग) प्रशासन शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको पदपुर्ति समितिले प्रहरी वा संस्थागत सेवा प्रदायक छनौट गर्ने क्रममा नगरपालिकाका अन्य कर्मचारीहरुको सहयोग लिन सक्नेछ ।

(३) पदपुर्ति समितिमा आवश्यकतानुसार खास चरणहरुमा मनोविज्ञानवेत्ता लगायत उपयुक्त विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) शारीरिक परिक्षणको कार्यमा नेपाल प्रहरी वा सशस्त्र प्रहरी वल वा नेपाली सेनाबाट विज्ञको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**९. पदपुर्ति समितिको काम, कर्तव्य र अधिकारः**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पदपूर्ति का लागि अमरगढी नगरपालिकाको कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) खुल्ला प्रतियोगिताको लागि नेपाल प्रहरीले तोकेको पाठ्यक्रम प्रयोग गर्न सकिनेछ ।

(ग) परीक्षाको किसिम तोक्ने र पदपूर्तिका लागि कार्यतालिका बनाउने ।

(घ) परीक्षा संचालन गर्ने तथा नतिजा प्रकाशन गर्ने र

(ङ) योग्यताक्रम अनुसार नियुक्ति लागि कार्यालयलाई सिफारिस गर्ने ।

(२) पदपूर्ति समितिले आफ्नो कामको सिलसिलामा संघीय तथा प्रदेशको लोक सेवा आयोगको कानून अनुसार नियुक्तिका सामान्य सिद्धान्तलाई पालन गर्नेछ ।

**१०.नियुक्तिको सिफारिसः**

(१) पदपूर्ति समितिले नियुक्तिको सिफारिस गर्नु अघि उम्मदवारहरुले प्राप्त गरेको अङ्कको आधारमा योग्यता क्रम अनुसारको सूचि तयार गरी कार्यालय समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(२) पदपूर्ति समितिले नियुक्तिको लागि सिफारिश गर्दा कुनै पनि पदमा कम्तिमा एक जना र कूल रिक्त पदको बढीमा २० प्रतिशत सम्म योग्यता क्रमानुसार बैकल्पिक उम्मेदवारहरु सिफारिस गर्नेछ ।

(३) पदपूर्ति समितिले सिफारिस गरेको ३५ दिन भित्र कार्यालयले करारमा नियुक्ति दिने सम्बन्धी निर्णय गरिसक्नु पर्नेछ।

(४) छनौट गरिएका उम्मेदवारहरुलाई कम्तिमा ७ दिनको म्याददिई करार गर्न सूचना दिई प्रमुख प्रसाशकीय अधिकृतले सम्वन्धित व्यक्ति सँग करार सम्पन्न गर्नेछ।

(५) सिफारिश गरिएका व्यक्ति तोकीएको अवधिभित्र करार गर्न नआएमा वा करारमा राखिएका व्यक्तिले सन्तोषजनक काम गर्न नसकी करार भङ्ग गरिएमा कुनै करार पद रिक्त भएमा आवश्यकता र उम्मेदवारको उपलब्धता अनुसार योग्यता क्रममा सवै भन्दा माथि रहेको बैकल्पिक उम्मेदवारहरु सँग करार गर्न सकिनेछ।

(६) परिक्षा परिणाम आएको १ वर्ष पछि वैकल्पिक सूचि स्वतः खारेज हुनेछ।

(७) नगर प्रहरीमा करार गर्दा करारको अवधि ६/६ महिनाको हुनेछ। साथै आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ।

(८) सफलतापूर्वक करारको अवधि पूरा गरेका नगर प्रहरीलाई पुनः अर्को सेवा अवधिका लागि सोही पदमा करारमा नियुक्त गर्न सकिने छ। यसरी पुनः सेवा करार गर्दा कुनै परीक्षा लिइने छैन।

**११ जेष्ठताक्रम कायम गर्ने:**

(१) शुरु नियुक्ति भएका प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिश गरेको योग्यता क्रमलाई नै जेष्ठताक्रम मानिनेछ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेकका नगर प्रहरीको हकमा जेष्ठता कायम गर्दा काम गरेको अवधि, आधारभूत तालिममा प्राप्त गरेको अङ्क, निजको कार्यसम्पादनबापत पाएको अङ्क र शैक्षिक योग्यताका लागि पाएको अङ्कको आधारमा कायम गरिनेछ।

(३) उपदफा (२) मा उल्लेख भए अनुरुपको विषयमा अङ्क दिनको लागि पूर्णाङ्क र अंक दिने तरिका अन्यथा व्यवस्था नभएसम्म पदपूर्ति समितिले तोके बमोजिम हुनेछ।

**१२. करारको समाप्तिः**

(१) यो कार्यविधि अनुरुप कार्यपालिकाले कुनै पद खारेज गरेको अवस्थामा सो पदमा रहेका नगर प्रहरी सँगको करार स्वतः समाप्त भएको मानिनेछ।

(२) सामान्यतया करारको अवधि समाप्त नभई कुनै पद संख्या कटौती गरिने छैन। तर विशेष परिस्थितिमा पद संख्या कटौती गर्नु पर्ने अवस्थामा मापदण्ड बनाएर मात्र बढी भएको संख्या अनुरुपको प्रहरीलाई कम्तीमा एक महिना अगावै सूचना दिएर काम गरेको अवधि बराबरको पारिश्रमिक दिएर करार समाप्त गर्न सकिनेछ।

(३) करार बमोजिम कार्य सम्पादन गर्न नसकेको भनी सम्बन्धित शाखा प्रमुखको सिफारिश भएमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानवीन गरी सफाईको मौका दिएर कुनै पनि समय करारको अन्त्य गर्न सक्नेछ।

(४) कुनै नगर प्रहरीले तोकिएको अधिकारीलाई एक महिनाको सूचना दिई करारको अन्त्य गर्न सक्ने छ।

१३. **पारिश्रमिक, भत्ता तथा सुविधाः** विभिन्न पद तथा तहमा रहने नगर प्रहरीको तलब भत्ता र सेवाका शर्तहरु नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद – ५

## नगर प्रहरीको आचरण तथा सजाय

१४. **दान उपहार लिन नहुने**: नगर प्रहरीले प्रमुख प्रशासकीय अधिकृतको पूर्वस्वीकृतविना कुनै स्वदेशी वा विदेशी संघसंस्था, निकाय वा व्यक्तिबाट कुनै प्रकारको नगद वा जिन्सी दान, बकस, पुरस्कार कोसेली वा उपहार स्वीकार गर्नु हुँदैन।

१५. **व्यापार व्यवसाय वा अन्य काम गर्न नहुने**: नगर प्रहरीले पदमा बहाल रहेको अवधिमा कार्यालयको पूर्वस्वीकृतिबिना कुनै पनि व्यापार, व्यवसाय गर्न वा अन्य निकायमा कुनै काम गर्न हुँदैन।

**१६. गोप्यता कायम राख्नु पर्ने**:

(१) नगर प्रहरीले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्राप्त गरेको कानून बमोजिम गोप्य राख्नु पर्ने जानकारी प्रत्यक्ष वा परोपक्ष रुपमा कुनै व्यक्ति वा संस्थालाई जानकारी गराउन हुँदैन।

(२) नगर प्रहरीले प्रमुख प्रशासकीय अधिकृतको अनुमति नलिई कुनै साहित्यिक, कलात्मक, ऐतिहासिक वा साँस्कृतिक लेखबाहेक कुनै रेडियो, पत्रपत्रिका लगायतका सञ्चारका  माध्यम वा सामाजिक सञ्जालबाट आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी रुपमा कुनै लेख रचना प्रकाशित गर्न वा अन्तरवार्ता दिनु हुँदैन।

(३) स्वीकृति लिएर लेखेको लेख, रचना वा अन्तर्वार्ताको विवरण प्रकाशन वा प्रशारण पश्चात नगरपालिकाको सम्वन्धित शाखामा उपलब्ध गराउनु पर्दछ।

(४) नगर प्रहरीले कुनै पनि प्रकारले नगरपालिका वा यसका पदाधिकारी वा कर्मचारीहरुको व्यक्तिगत प्रतिष्ठामा आँच आउने गरी आलोचना गर्ने वा विचार व्यक्त गर्ने कार्यहरु गर्नु हुँदैन।

**१७. निर्वाचनमा भाग लिन नहुने**:

(१) नगर प्रहरीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा कसैका लागि मत माग्न, वा निर्वाचनमा प्रभाव पर्ने गरी विचार व्यक्त गर्न हुँदैन।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि नगर प्रहरीले कानूनसम्मत रुपमा आफ्नो गोप्य मताधिकार प्रयोग गर्न कुनै बाधा पर्ने छैन।

१८. **राजनीतिमा भाग लिन नहुने**: नगर प्रहरीले कुनै पनि राजनैतिक दल र तिनका भातृ-संस्थाको सदस्य बन्न, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनीतिक दलको आन्दोलनलाई सहयोग गर्न वा अन्य यस्तै राजनैतिक क्रियाकलापमा सहभागी हुन हुँदैन।

**१९. समय पालन र नियमितता**:

(१) नगर प्रहरीले कार्यालयले तोके बमोजीम ठिक समयमा नियमित रुपमा आफ्नो काममा हाजिर हुनु पर्दछ।

(२) कुनै कारणवश तोकिएको समयको पालन गर्न नसक्ने अवस्थामा आफ्नो सुपरीवेक्षकलाई समयमा नै जानकारी गराई स्वीकृति लिनु पर्नेछ।

**२०. अनुशासनको पालना**:

(१) नगर प्रहरीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालन गर्नु पर्नेछ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काममा आदेशको श्रृङखला (चेन अफ कमाण्ड) अन्तर्गत रही आफू भन्दा माथिकको अधिकारीले दिएको आदेशको तत्परताका साथपालन गर्नुपर्दछ ।

(३) नगर प्रहरीले आफ्नो कर्तव्य पालनको सिलसिलामा लैङ्गिक सम्बेदनसिल हुनु पर्दछ ।

(४) नगर प्रहरी ले कानून विपरित विवाह गर्न गराउन हुदैन ।

(५) नगर प्रहरीले आत्मरक्षाको लागि अत्यावश्यक भएमा बाहेक कसैलाई पनि हातपात गर्न वा कुनै प्रकारको आक्रमण गर्ने कार्य गर्नु हुँदैन तर यस दफाले विभिन्न किसिमका अवरोध हटाउन नगर प्रहरीले बल प्रयोग गर्न बाधा परेको मानिने छैन ।

**२१. तालिम सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाले नगर प्रहरीलाई तोकेबमोजिमको तालिम उपलब्ध गराउने छ ।

(२) तोकेबमोजिमको तालिम सम्पन्न गरेपछि निजलाई सो तालिममा प्राप्त गरेको नतिजाको आधारमा अङ्क दिइने छ, जुन निजको जेष्ठता निर्धारण गर्ने क्रममा गणना गर्न सकिनेछ ।

(३) कुनै तालिमका लागि अङ्क प्रदान गर्न सकिने वा नसिकने तथा कस्तो तालिमका लागि कति अङ्क दिने भन्ने कुराको निर्धारण अन्यथा तोकेकोमा बाहेक पदपूर्ति समितिले गर्नेछ ।

## परिच्छेद – ६

## बिदा सम्बन्धी

**२२. बिदाः**

(१) बिदा अधिकारको रुपमा नभई सुविधाको रुपमा प्रयोग गर्नु पर्नेछ।

(२) काबूबाहिरको परिस्थिति उत्पन्न भएमा बाहेक नगर प्रहरीले आफ्नो सुपरीवेक्षकको सिफारिशमा सम्बन्धित अधिकारीबाट पूर्वस्वीकृत लिएर मात्र बिदामा बस्नु पर्दछ।

(३) नगर प्रहरीले आफ्नो सुररीवेक्षकको सिफारिशमा देहाय बमोजिमको बिदाहरु पाउने छः

(क) साप्ताहिक बिदाः नगर प्रहरीले हप्ताको एक दिन साप्ताहिक बिदा पाउनेछ।

(ख) प्रत्येक नगर प्रहरीले नगरपालिकाले निर्धारण गरे अनुरुप वार्षिक बाह्र दिन पारिश्रमिक सहितको बिदा पाउनेछ।

(ग) किरिया बिदाः आफ्नो कूल धर्म अनुसार नगर प्रहरी आफैले किरिया बस्नु पर्ने भएमा वा नगर प्रहरीको पति वा पत्नीले किरिया बस्नु पर्ने भएमा पन्ध्र दिन पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ।

(घ) सुत्केरी बिदाः महिला नगर प्रहरीले नियमानुसार सुत्केरी बिदा पाउनेछ।

## परिच्छेद – ७
## विविध

**२३. सजायः**

(१) नगर प्रहरीले यस कार्यविधि अनुरुप दिइएको आदेश अनुरुप कार्य नगरेमा वा आचरणको उलंघन गरेमा वा गर्नु पर्ने कार्य नगरी वा नगर्नु पर्ने कार्य गरी नगरपालिकाका वा कुनै व्यक्ति वा संस्थालाई हानी पुग्न गएमा कसूरको मात्रा र असर हेरी सम्बन्धित अधिकारीले देहाय बमोजिमको कुनै सजाय गर्न सक्नेछ ।

(क) नसिहत दिनेः

(ख) नगरपालिकालाई कुनै हानी भएकोमा विगो बमोजिमको रकम असूल उपर गर्ने र अन्य कसैको हानी नोक्सानी भएकोमा क्षतिपूर्ति भराई दिन आवश्यक सहयोग गर्ने वा

(ग) करार भङ्ग गरी सेवाबाट बर्खास्त गर्ने ।

(२) नगर प्रहरीले गरेका कार्य अन्य नेपाल कानून बमोजिम पनि सजाय हुन सक्ने भएमा उपदफा (१) बमोजिमको सजायका अतिरिक्त ती कानून अन्तर्गत मुद्दाचलाउन कुनै बाधा पर्ने छैन ।

**२४. सजाय सम्बन्धी कार्यविधिः**

(१) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुने छ ।

(२) सजाय गर्ने अधिकारीले आरोपित प्रहरी सँग लिखित स्पष्टिकरण माग गरी तोकिएको अवधि भित्र जवाफ नआए वा चित्त बुझ्दो जवाफ नआएमा आवश्यकता अनुसार स्वयम् वा अन्य कुनै अधिकृतद्धारा छानवीन गराउन सक्नेछ । छानबीन गरिएकोमा छानबीन प्रतिवेदनको आधारमा उपयुक्त सजाय तोकिने छ ।

(३) सजायको निर्णय गर्नु अघि सम्बन्धित प्रहरीलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

(४) फौजदारी अभियोग लागि पुर्पक्षको लागि थुनामा रहेको अवस्थामा सो अवधिभर सम्बन्धित नगर प्रहरी स्वतः निलम्बित भएको मानिनेछ र निजले सो अवधिको पारिश्रमिक पाउने छैन । तर नगरपालिका आफैले उजुरी दिई थुनामा परेका नगर प्रहरी निर्दोष प्रमाणित भएमा उक्त अवधिको पूरा पारिश्रमिक पाउनेछ ।

(५) छानबीनबाट दोषी ठहरिएर कारवाही गरेको मा सो कारवाहीको अभिलेख कार्यालयमा राख्नुका साथै सम्बन्धित प्रहरीलाई पनि त्यसको लिखित जानकारी गराउनु पर्नेछ ।

**२५. पोशाक तथा दर्ज्जानी चिन्हः**

(१) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) नगर प्रहरीलाई मौसम अनुसारको पोशाक, दर्ज्यानी चिन्ह र आवश्यक उपकरणहरु तयार गराई नगरपालिकाले उपलब्ध गराउनेछ ।

(३) नगर प्रहरीलाई कुनै विशेष अवसरमा लगाउनु पर्ने औपचारिक( सेरेमोनियल) पोशाकको लागि नगरपालिकाले तोकिएको रकम उपलब्ध गराउन सक्नेछ ।

(४) दर्ज्यानि चिन्हः

(क) नगर प्रहरी नायब निरिक्षकको काधँमा दुइ तारा

(ख) नगर प्रहरी सहायक निरिक्षक काधँमा एक तारा

(ग) नगर प्रहरी हवल्दारको काधँमा तिन धर्का

(घ) नगर प्रहरी जवान काधँमा एक फिता मात्र

(५) नगर प्रहरीको पोशाकमा नेमप्लेट भएको हुनुपर्नेछ पाखुरामा अमरगढी नगरपालिकाको लोगो सहितको ब्याच हुनुपर्नेछ।

२६. **पुरस्कार तथा प्रोत्साहनः** उदाहरणीय काम गर्ने नगर प्रहरीलाई कार्यपालिकाले निर्णय गरी उचित सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

(क) **माथिल्लो जिम्मेवारी दिन सक्नेः** प्रहरी सहायक निरिक्षक सम्मको रिक्त पदमा तल्लो तहमा करारमा कार्यरत कर्मचारीलाइ कार्यसम्पादन मुल्याङ्कनको आधारमा माथिल्लो तहको जिम्मेवारी दिइ कामकाजमा लगाउन सकिनेछ।

२७. **पर्व खर्चः** नगर प्रहरीले प्रत्येक वर्ष बडा दशैं अघि वा निजको धर्मसंस्कृति अनुसार रोजेको कुनै पर्वको अवसरमा एक महिनाको तलब बराबर पर्व खर्च पाउनेछ।

२८. **बाधा अड्काउ फुकाउने अधिकारः** यो कार्यविधिमा उल्लिखित कुनै व्यवस्था कार्यान्वयन गर्नमा कुनै बाधा आइपरेमा प्रमुखले कार्यपालिकाबाट पछि अनुमोदन गराउने गरी आवश्यक आदेश दिन सक्नेछ।

## अनुसूची – १

## नगर प्रहरीका विभिन्न पदमा आवेदन गर्नमा लागि न्यूनतम योग्यता

**(क) नगर प्रहरी नायव निरिक्षक (सहायकस्तर पाँचौ तह) पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) कम्तीमा नेपाली सेनामा सुवेदार पदमा रही कामकाज गरेको, नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरीको नायव निरीक्षक(सई) पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको।

(२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोमा सजाय नपाएको।

(३) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

(५) महिलाहरुका लागि कम्तिमा ५ फिट तौलमा ४५ केजि र पुरुपहरुका लागि घटिमा ५ फिट २ ईन्च उचाई, तौल ५० केजि भएको हुनु पर्ने।

(६) पुरुषको हकमा छाति नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउँदा ३३ ईन्च, तौल  कम्तिमा ५०केजि भएको हुनु पर्नेछ।

(७) महिला,पुरुष दुबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ।

(८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्र

(९) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाएको।

(११) उमेर २१ वर्ष पुरा भई ५१वर्ष ननाघेको।

**(ख)नगर प्रहरी सहायक निरीक्षक (सहायक स्तर चौथो तह) पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) कम्तिमा नेपाली सेनाको जमदार पदमा रही कामकाज गरेको, नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरीको प्रहरी सहायक निरीक्षक (असई) पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको।

(२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(३) कुनै राजनीतिक दलको सदस्यता नरहेको।

(४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

(५) महिलाहरुका लागि कम्तिमा ५ फिट तौलमा ४५ केजि र पुरुपहरुका लागि घटिमा ५ फिट  २ ईन्च उचाई भएको हुनु पर्ने।

(६) पुरुषको हकमा छाति नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउँदा ३३ ईन्च,कम्तिमा तौल ५० केजि भएको हुने पर्नेछ।

(७) महिला,पुरुष दुबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ।

(८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्र।

(९) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाइएको।

उमेर २१ वर्ष पुरा भई ५० वर्ष ननाघेको

**(ग) नगर प्रहरी हवल्दार (सहायक स्तर तृतीय) पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) कम्तीमा नेपाली सेनाको हवल्दार पदमा रही कामकाज गरेको, नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरीको हवल्दार पदमा रही कामकाज गरी स्वच्छिक अवकास वा अनिवार्य अवकास प्राप्त गरेको।

(२) नैतिक पतन देखिने कुनै फौजदारी अभियोमा सजाय नपाएको।

(३) कुनै राजनीतिक दलको सदस्यता नरहेको।

(४) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

(५) महिलाहरुका लागि कम्तिमा ५ फिट तौलमा ४५ केजि र पुरुपहरुका लागि घटिमा ५ फिट २ ईन्च उचाई भएको हुनु पर्ने।

(६) पुरुषको हकमा छाति नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउँदा ३३ ईन्च, तौल कम्तिमा ५० केजि भएको हुनु पर्नेछ।

(७) महिला, पुरुष दुबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ।

(८) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्र।

(९) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(१०) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाइएको।

(११) उमेर २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**(घ) नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यताः**

(१) नेपाली सेना, नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरीको जवान पदमा संघीय तथा प्रदेश कानुन बमोजिम खुला विज्ञापन मार्फत सम्बन्धित निकायबाट संचालित परिक्षामा वैकल्पिक सुचीमा परेको।

(२) उपदफा(१) बमोजिम वैकल्पिक सुची बाट छनौट गर्दा अनुसुची (२) बमोजिमको प्राथमिकताको आधारमा गरिनेछ

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोमा सजाय नपाएको।

(४) कुनै राजनीतिक दलको सदस्यता नरहेको।

(५) मानव अधिकार र मानविय कानूनको उल्लङ्घनमा सजाय नपाएको।

(६) महिलाहरुका लागि कम्तिमा ५ फिट तौलमा ४५ केजि र पुरुपहरुका लागि घटिमा ५ फिट २ ईन्च उचाई भएको हुनु पर्ने।

(७) पुरुषको हकमा छाति नफुलाउदा कम्तिमा ३१ ईन्च र छाती फुलाउँदा ३३ ईन्च, तौल कम्तिमा ५० केजि भएको हुने पर्नेछ।

(८) महिला, पुरुष दुबैको हकमा आँखा माईनस २ वा प्लस २ भन्दा कमजोर नभएको हुनुपर्नेछ।

(९) स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाण पत्र।

(१०) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(११) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट नहटाइएको।

(१२) उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको।

(१३)    वैकल्पिक सुचीवाट आवश्यक संख्यामा पदपुर्ति हुन नसकेमा खुला विज्ञापन बाट पदपुर्ति गरिनेछ । योग्यता, पाठ्यक्रम  तथा अन्य व्यवस्था दफा (८) बमोजिम गठित पदपुर्ति समितिले तोके बमोजिम हुनेछ ।

## अनुसुची -२

**नगर प्रहरी जवान पदमा लागि वैकल्पिक सूचीको प्राथमिकताक्रम**

| क्र. स. | विवरण | नेपाल प्रहरी | सशस्त्र प्रहरी | नेपाली सेना |
|---|---|---|---|---|
| १ | अमरगढी नगरपालिका | १ | २ | ३ |
| २ | डडेल्धुरा जिल्ला | ४ | ५ | ६ |
| ३ | सुदुर पश्चिम प्रदेश | ७ | ८ | ९ |

## अनुसुची -२(क)

**प्रहरी जवानको(खुला विज्ञापन) परिक्षा योजना**

प्रथम चरणः -दरखास्त छनौट तथा प्रारम्भिक स्वास्थ्य परिक्षण

द्वितिय चरणः शारीरिक तन्दुरुस्ती मुल्याङ्कन र विस्तृत स्वास्थ्य परिक्षण

तृतीय चरणः- लिखित परिक्षा

चतुर्थ चरणः- अन्तरवार्ता

## अनुसूची – ३

**नगर प्रहरीका विभिन्न पदका(जवान बाहेक) परीक्षाको किसिमः**

१. संक्षिप्त सूची

२. शारीरिक अभ्यास परीक्षण

३. अन्तर्वार्ता

## अनुसूची –३(क)

## छनौट सम्वन्धी व्यवस्थाः

१. नगर प्रहरी जवान वाहेकको विभिन्न पदमा पर्न आएका आवेदनहरुको आधारमा दफा ८ को समितिले मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गर्नुपर्नेछ। जम्मा परीक्षाको अंक भार १०० को हुनेछ।

(क) तालिम बापत १५ अंक (५×३-१५)

- मेडिकल सम्बन्धी तालिम
- विपद व्यवस्थापन सम्वन्धी तालिम
- मार्सल आर्ट तालिम
- ईन्टेलिजेन्सी तालिम
- सञ्चार तालिम
- भि.आई.पी. सेक्युरेटी तालिम
- हलुका चार पाङग्रे तथा हेभी सवारी चालक अनुमतीपत्र
- अन्य तालिमहरु

नोटः एक तालिम बापत ३ अंक प्राप्त हुनेछ। वढीमा ५ तालिमको गणना गरिनेछ।

(ख) अनुभव बाफत – १५ अंक

- जुन पदमा उम्मेदवार भएको हो सोहीपदमा कार्य गरे वापत प्रत्येक वर्षको १.५ (एक दस मलव पाँच) अंकका दरले बढीमा १० वर्षका लागि १५ अंक दिईने छ। प्रमाणित विवरण संलग्न भएको हुनु पर्नेछ।

(ग) स्थानीय वासिन्दालाई देहाय बमोजिम – १० (दश) अंक दिइने छ।

- सम्वन्धित नगरपालिकाको बासिन्दा भएमा १० अंक
- सम्वन्धित जिल्लाको बासिन्दा भएमा ५ अंक

(घ) अन्तर्वार्ता वापत – २० (बीस) अंक

(ङ) शारीरिक अभ्यास परीक्षण – ४० (चालीस) अंक